नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को संशोधनको तीन महले

| क्र.सं. | समावेश गर्नुपर्ने स्थान | ऐनको मौजुदा व्यवस्था | ऐनमा समावेश गर्नु पर्ने विषय | संशोधनको आधार र कारण |
|---|---|---|---|---|
| १. | मूल ऐनको दफा १ मा रहेको (१) को सट्टा (१) राखिएको | १.यस ऐनको नाम "नेपाल पर्यटन बोर्ड ऐन, २०५३"" रहेको छ | १. यस ऐनको नाम "नेपाल पर्यटन बोर्ड (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ। | |
| २. | मूल ऐनको दफा २ को खण्ड (झ) पछि देहायको खण्ड (ज) थपिएको छः | नभएको। | "मन्त्रालय" भन्नाले नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ।" | मन्त्रालयको परिभाषा गर्न आवश्यक देखिएकोले |
| ३. | मूल ऐनको दफा ६ को सट्टा दफा ६ राखिएको छ | (क) पर्यटन व्यवसायसंग सम्बन्धित कुनै पनि कारोबार गर्नको निमित्त नेपाल सरकार को वा नेपाल सरकार स्वीकृति लिई कुनै व्यक्ति, संस्था वा निकायको प्रतिनिधिको हैसियतले कार्य गर्ने ।<br>(ख) पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, प्रबद्र्धन तथा संरक्षण गर्ने सम्बन्धमा पूर्वाधार विकास, पर्यटन सेवा, सुविधा विस्तार, जनशक्ति विकास र पर्यटन स्थलहरूको पर्यावरण संरक्षण गर्ने कार्य समेतका सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।<br>(ग) पर्यटकहरूका लागि सुविधा बृद्धि गर्ने कार्यक्रमको तर्जुमा गर्ने कार्यमा संलग्न भै नेपाललाई एक आकर्षक पर्यटन स्थलको रूपमा विकसित गर्ने ।<br>(घ) पर्यटकहरूलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायहरूको क्रियाकलापहरूमा समन्वय कायम गर्ने ।<br>(ङ) पर्यटन व्यवसायको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरू तयार पारी सोही अनुसार पर्यटन विकाससंग | बोर्डको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-<br>(क) नेपालका पर्यटन उपज (टुरिजम प्रोडक्ट) र क्रियाकलापको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्नको लागि नेपाल सरकारको प्रतिनिधिको रुपमा काम गर्ने,<br>(ख) नेपालमा रहेका पर्यटकीय दृष्टिले महत्वपूर्ण प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक तथा पुरातात्विक सम्पदाहरूको पहिचान गरी नेपालका पर्यटन उपज (टुरिजम प्रोडक्ट) र क्रियाकलापको प्रवर्द्धन गर्ने,<br>(ग) नेपालका पर्यटन उपज (टुरिजम प्रोडक्ट) र क्रियाकलापको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार तथा पर्यटन उद्गम बजारहरूमा प्रतिष्पर्धात्मक रूपमा प्रवर्धन गरी विश्व मानचित्रमा नेपाललाई एक आकर्षक र भरपर्दो पर्यटन गन्तव्यको रूपमा स्थापित र परिचित गराउने,<br>(घ) पर्यटन व्यवसायको विविधीकरण, विकास र प्रवर्द्धन गर्नका लागि सार्वजनिक क्षेत्र, निजी क्षेत्र तथा गैर | परिवर्तित सन्दर्भ, सुचना प्रविधिमा आएको परिवर्तन, पर्यटन क्षेत्रका नविनतम मान्यता समेतको कारणले गर्दा समसामयिक रूपमा परिमार्जन गर्नुपर्ने देखिएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने ।<br>(च) पर्यटन व्यवसायको विकास, विस्तार र प्रबद्र्धन गर्नको लागि पर्यटन सम्बन्धी विविध क्रियाकलापहरूमा निजी क्षेत्रको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने, गराउने ।<br>(छ) पर्यटनसंग सम्बन्धित विद्यमान भौतिक पूर्वाधारहरूको व्यवस्थित र प्रभावकारी ढंगले उपयोग गरी पर्यटकहरूलाई देशको धार्मिक र सांस्कृतिक महत्वका स्थलहरू, उच्च हिम श्रृंखलाहरू तथा मनोरम प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गराउन निजी क्षेत्रलाई उत्प्रेरित गर्ने।<br>(ज) नेपाललाई एक साहसिक तथा आकर्षक पर्यटन केन्द्रको रूपमा विकसित गर्दै लैजाने र जल, स्थल र वायुमा आधारित मनोरन्जनपूर्ण तथा साहसिक पर्यटन सम्बन्धी क्रियाकलापहरूलाई मौलिक संस्कृति र परम्परामा प्रतिकूल असर नपर्ने गरी नेपाल ...... का विभिन्न भागहरूमा सञ्चालन गर्ने, गराउने र त्यस्ता साहसिक पर्यटन सम्बन्धी कृयाकलापहरू सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।<br>(झ) अन्तर्राष्ट्रिय सभा–सम्मेलन, पर्यटन मेला, सांस्कृतिक तथा युवा महोत्सव, खेलकूद प्रतियोगिता लगायत अन्य रचनात्मक तथा प्रबद्र्धनात्मक पर्यटकीय उत्पादनसँग सम्बन्धित क्रियाकलाप सञ्चालनमा वृद्धि गर्न त्यस्ता क्रियाकलापहरु आफैले सञ्चालन गर्ने र निजी | सरकारी क्षेत्रका सरोकारवाला निकायहरुसँग समन्वय गर्ने,<br>(ङ) सङ्घ, प्रदेश र स्थानीय तहमा पर्यटन प्रवर्द्धन गर्नका लागि स्थापित निकायहरुसँग समन्वय गरी पर्यटन प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रममा अन्तरतह सामञ्जस्यता कायम गर्न सहजीकरण गर्ने,<br>(च) नेपालका पर्यटन उपज (टुरिजम प्रोडक्ट) र क्रियाकलापको विविधीकरण गर्न तथा पर्यटन व्यवसायलाई पर्यटकमैत्री, सुरक्षित, विश्वासिलो, प्रविधिमैत्री र छरितो बनाउनका लागि अवलम्बन गर्नुपर्ने उपायहरु पहिचान गरी मन्त्रालय समक्ष सिफारिस गर्ने,<br>(छ) नेपालमा पर्यटन संस्कृतिको विकास गर्नका लागि आवश्यक नीति निर्माण गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने,<br>(ज) पर्यावरण अनुकूल पर्यटन व्यवसायको विकास गर्न सरोकारवाला निकायहरुसँग समन्वय गर्ने,<br>(झ) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धनका लागि निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गर्ने,<br>(ञ) पर्यटन प्रवर्द्धन तथा प्रचार प्रसारका लागि अन्तर्राष्ट्रिय सभा सम्मेलन, मेला, महोत्सव, प्रतियोगिता तथा तोकिए बमोजिमका अन्य कार्यक्रम आफैं वा निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा सञ्चालन गर्ने,<br>(ट) पारस्परिक लाभमा आधारित अन्तरदेशीय पर्यटन सम्बन्धी गतिविधि सञ्चालन गर्न सम्बन्धित विदेशी सङ्घ संस्थासँग समन्वय गर्ने,<br>(ठ) पर्यटन प्रवर्द्धन गर्नको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिई अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सम्झौता गर्ने, | |

| | | | | |
|---|---|---|---|---|
| | | क्षेत्रलाई समेत त्यस्ता क्रियाकलापहरू सन्चालन गर्न प्रोत्साहित गर्ने ।<br>(ञ) ऐतिहासिक महत्व भएका स्थलहरू तथा मठ मन्दिर, गुम्बाहरूको संरक्षण सम्बन्धी विविध क्रियाकलापहरूमा स्थानीय जनसमुदायको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने ।<br>(ट) पर्यटन पूर्वाधार तथा सुविधाहरूको सुदृढीकरणगर्दै नयाँ पर्यटन स्थलहरूको विकास गर्दा पनि खास गरी ग्रामीण पर्यटन स्थलहरूको विकासलाई प्राथमिकता दिने र ग्रामीण पर्यटन विकासका विविध कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय ग्रामीण समुदायलाई उत्प्रेरित गर्ने ।<br>(ठ) नयाँ पर्यटन स्थलहरूको पूर्वाधार निर्माण र विकासमा लगानी परिचालन गर्ने, गराउने ।<br>(ड) धार्मिक तीर्थस्थलहरूको संरक्षण तथा सम्बद्र्धन गरी धार्मिक पर्यटनको विकास गर्नको लागि धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरूमा पर्यटकहरू बढी आकर्षित हुने गरी सुविधाहरू विस्तार गर्नुका साथै यस्ता स्थलहरूलाई अन्तर्राष्ट्रिय धार्मिक केन्द्रको रूपमा विकसित गर्ने, गराउने ।<br>(ढ) अन्तर्राष्ट्रिय पर्यटन उद्गम बजारहरूमा प्रतिस्पर्धात्मक<br>रूपमा पर्यटन प्रबद्र्धन गरी नेपाललाई विश्वको एक प्रमुख पर्यटन केन्द्रको रूपमा विकसित गर्ने, गराउने।<br>(ण) वन्यजन्तु तथा चरा अवलोकन जस्ता पर्यटनको विकास र प्रबद्र्धन गर्ने । | (ड) पर्यटक तथा पर्यटन व्यवसायीहरुलाई पर्यटनसँग सम्बन्धित विषयहरुका सम्बन्धमा आवश्यक सेवा तथा परामर्श प्रदान गर्ने,<br>(ढ) बोर्डको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,<br>(ण) पर्यटन क्षेत्रमा संलग्न व्यक्ति वा संस्थालाई आवश्यक तालिम तथा प्रशिक्षण प्रदान गर्ने,<br>(त) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धनका लागि तोकिए बमोजिमका अन्य कार्य गर्ने।" | |

| | | | | |
|---|---|---|---|---|
| | | (त) मित्र राष्ट्रहरूसंग समन्वय गरी पारस्परिक लाभमा आधारित अन्तरदेशीय पर्यटन सम्बन्धी गतिविधिहरूमा बृद्धि गर्ने ।<br>(थ) पर्यटन जन चेतनाको लागि विभिन्न तहमा प्रचार, प्रसार कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।<br>(द) पर्यटन व्यवसायीहरूबाट पर्यटकहरूलाई प्रदान गरिने सेवा तथा सुविधाहरूलाई स्तरीय बनाई पर्यटकहरूको सुरक्षाका लागि समेत विशेष व्यवस्था गर्ने ।<br>(ध) पर्यटन सेवा र सुविधाहरूको गुणस्तर बृद्धि गर्नको लागि पर्यटन व्यवसायीहरूलाई आ-आफ्ना व्यावसायिक संघहरू मार्फत आचार संहिता लागू गराउने ।<br>(न) पर्यटन व्यवसायमा संलग्न रहेका व्यक्ति वा संस्थाहरूलाई प्राविधिक ज्ञान प्रशिक्षण तथा प्राविधिक सहयोग प्रदान गर्ने सम्बन्धमा आवश्यक तालीम तथा प्रशिक्षण दिने कार्यमा सहयोग पु¥याउने।<br>(प) पर्यटन व्यवसायको विकास गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीयतह अन्तरगतका निकायहरुलाई समय समयमा आवश्यक सुझाव तथा परामर्श दिने ।<br>(फ) पर्यटन व्यवसायसंग सम्बन्धित निकायहरूले अपनाउनु पर्ने गुणस्तरलाई नियमित गरी त्यस्तो गुणात्मक सेवा प्रदान नगर्ने निकायहरूलाई प्रचलित कानून बमोजिम कारवाही चलाउनको निमित्त नेपाल सरकार लाई अनुरोध गर्ने । | | |

| | | | | |
|---|---|---|---|---|
| | | (ब) पर्यटक तथा पर्यटन व्यवसायीहरूलाई पर्यटनसंग<br>सम्बन्धित विषयहरूका सम्बन्धमा आवश्यक सेवा तथा परामर्श प्रदान गर्ने, गराउने ।<br>(भ) पर्यटन प्रवद्र्धन, पूर्वाधार विकास, पर्यटन सेवा, सुविधा विस्तार गर्नको लागि नेपाल सरकार तथा अन्य सरकारी स्वामित्व भएको संस्था वा गैर सरकारी संस्थाबाट प्राप्त भएको रकम सोही कार्य गर्नको लागि खर्च गर्ने ।<br>(म) नेपाली पर्यटकहरूलाई आवश्यक सेवा तथा सुविधा उपलब्ध गराउनको लागि सहयोग गरी आन्तरिक पर्यटनको विकासमा सहयोग पुऱ्याउने ।<br>(य) पर्यटन व्यवसायमा संलग्न रहेको कुनै पनि संगठित<br>संस्थाको शेयर वा धितोपत्र खरिद गर्ने वा प्राप्त गर्ने । (यो कार्य बोर्डको प्राथमिक कार्य नभएकाले हटाउन उपयुक्त हुने)<br>(र) पर्यटन प्रवद्र्धनमा सघाउ पुऱ्याउने कारोबारमा पूँजी लगानी गर्ने । (यो कार्य बोर्डको प्राथमिक कार्य नभएकाले हटाउन उपयुक्त हुने)<br>(ल) बोर्डको उद्देश्य पूर्तिको लागि नेपाल सरकार को स्वीकृति लिई विदेशी वा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसंग सम्झौता गर्ने ।<br>(व) बोर्डको वार्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट स्वीकृत गर्ने ।<br>(श) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवद्र्धन सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने, गराउने । | | |

| | | | | |
|---|---|---|---|---|
| ४. | मूल ऐनको दफा ९ को, उपदफा (२) को खण्ड (च) र (छ) को सट्टामा खण्ड (च) र (छ) थपिएको छः | (च) महानिर्देशक — नेपाल नागरिक उड्डयन प्राधिकरण<br>(छ) पर्यटन प्रवर्धन गर्ने कार्यमा संलग्न रहेका पर्यटन व्यवसायि, पर्यटन तथा प्राकृतिक एवं सांस्कृतिक सम्पदासंग सम्बन्धित विशेषज्ञहरू मध्येबाट नेपाल सरकारले मनोनयन गरेका ५ जना । | (च) महानिर्देशक, पर्यटन विभाग- सदस्य"<br>(छ) नेपालमा व्यबसाय दर्ता गरी क्रियाशील रहेका पर्यटन सम्बन्धी देहायका क्षेत्रबाट एक एक जनाको प्रतिनिधित्व हुने गरी मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुई जना महिलासहित पाँच जना-सदस्य"<br>(१) होटल तथा आतिथ्यता,<br>(२) ट्राभल, टुर, ट्रान्सपोर्ट तथा डेस्टिनेशन म्यानेजमेन्ट,<br>(३) पदयात्रा, पर्वतारोहण तथा अन्य साहसिक गतिविधि,<br>(४) नेपाल स्थित विमान सेवा तथा हवाई उड्डयन र<br>(५) पर्यटन क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानीकर्ताहरु " | प्रत्यक्ष रूपमा सम्बन्धित निकाय समावेश गर्न र विभिन्न सरोकारवाला क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गरी कार्यसमितिको कामकारवाहीलाई प्रभावकारी बनाउन आवश्यक भएकोले । |
| ५. | खण्ड (छ) पछि देहायको खण्ड (छ१), (छ२), (छ३) र (छ४) थपिएका छन्। | | (छ१) खण्ड (छ) बमोजिम नियुक्त हुने व्यक्तिको न्यूनतम योग्यता देहाय अनुसार हुनुपर्नेछ।<br>(१) नेपाली नागरिक,<br>(२) प्रचलित नेपाल कानूनबमोजिम अयोग्य नभएको,<br>(३) नियुक्त हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(४) आफ्नो व्यबसायमा दश प्रतिशत भन्दा बढी शेयर स्वामित्व रहेको र<br>(५) ६० वर्ष ननाघेको,<br>(छ२) खण्ड (छ) बमोजिम नियुक्त हुने व्यक्तिको शैक्षिक योग्यता र पर्यटन क्षेत्रमा सक्रिय संलग्नताको अनुभव देहाय अनुसार हुनुपर्नेछ।<br>(१) स्नातकोत्तर तह वा सो भन्दा माथिल्लो शैक्षिक योग्यता भएमा पाँच वर्ष,<br>(२) स्नातक तहको शैक्षिक योग्यता भएमा दश वर्ष,<br>(३) प्रविणता प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता भएमा पन्ध्र वर्ष, | योग्य र सक्षम व्यक्तिको नियुक्तिलाई सुनिश्चित गराउन। |

| | | | | |
|---|---|---|---|---|
| | | | (४) एसएलसि वा सो सरहको शैक्षिक योग्यता भएमा २० बर्ष "<br>(छ३) खण्ड (छ) बमोजिमको प्रत्येक क्षेत्रको प्रतिनिधित्व गर्ने र खण्ड (छ१) र (छ२) बमोजिमको योग्यता पूरा भएका ईच्छुक व्यक्तिहरुको सूची बोर्डले तयार गर्नुपर्नेछ।<br>(छ४) खण्ड (छ) बमोजिम मनोनयन हुने व्यक्तिको सिफारिस गर्नका लागि खण्ड (छ३) बमोजिमको विज्ञको सूचीबाट दफा १४ को उपदफा (३) बमोजिम कार्यकारी प्रमुख नियुक्तिको लागि सिफारिस गर्न गठित समितिले नै सिफारिस गर्नेछ।" | |
| ६. | मूल ऐनको दफा १४ को सट्टा दफा १४ राखिएको छः- | १४. कार्यकारी प्रमुखको नियुक्तिः १) बोर्डको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य सञ्चालन गर्नको लागि समितिले कम्तिमा स्नातकोत्तर उपाधि हाँसिल गरी पर्यटन क्षैत्रमा कम्तिमा १० वर्षको अनुभव प्राप्त गरेको व्यक्तिलाई बोर्डको कार्यकारी प्रमुखको पदमा नियुक्ति गर्नेछ ।<br>(२) कार्यकारी प्रमुखको पदावधि ४ वर्षको हुनेछ र निज पुनः बढिमा ४ वर्षको लागि नियुक्त हुन सक्नेछ ।<br>(३) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी प्रमुखको पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ ।<br>(४) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भएता पनि कार्यकारी प्रमुखले बोर्डलाई हानी नोक्सनानी पुऱ्याई बोर्डको हित बिपरित हुनेगरी काम कारवाही गरेमा वा समितिको नीति निर्देशन | १४. <u>कार्यकारी प्रमुखको नियुक्तिः</u> (१) बोर्डको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य सञ्चालन गर्नको लागि बोर्डमा एक कार्यकारी प्रमुख रहनेछ।<br>२) कार्यकारी प्रमुखको पदमा नियुक्तिको लागि देहायको योग्यता आवश्यक पर्नेछः-<br>(क) नेपाली नागरिक,<br>(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,<br>(ग) पर्यटन सम्बन्धी क्षेत्रमा कम्तीमा दस वर्षको अनुभव हासिल गरी उच्च व्यवस्थापकीय क्षमता भएको,<br>(घ) साठी वर्ष ननाघेको,<br>(ङ) बैङ्क तथा वित्तीय संस्थाको ऋण तिर्न नसकी प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको,<br>(च) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, | परिवर्तित सन्दर्भ, सुचना प्रविधिमा आएको परिवर्तन, पर्यटन क्षेत्रका नविनतम मान्यताको कारणले नेपाल पर्यटन बोर्डको कामकारवाहीलाई प्रभावकारी बनाउन आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | अनुरुप कार्य सम्पादन नगरेमा समितिले तोकिएको प्रकृया अपनाई निजलाई कार्यकारी प्रमुखको पदबाट हटाउन सक्नेछ ।<br>तर यसरी पदबाट हटाउनु अघि कार्यकारी प्रमुखलाई आफ्नो पक्षमा सफाई पेश गर्ने उचित अवसर प्रदान गर्नुपर्नेछ । | अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,<br>(छ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त नगरेको,<br>(ज) कुनै लाभको पद धारण नगरेको।<br>स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले सरकारी कोषबाट पारिश्रमिक वा सुविधा पाउने पद सम्झनु पर्छ।<br>३) मन्त्रालयले कार्यकारी प्रमुखको नियुक्तिको सिफारिस गर्न मन्त्रालयको सहसचिवको संयोजकत्वमा पर्यटनसँग सम्बन्धित विज्ञ सम्मिलित तीन सदस्यीय छनौट समिति गठन गर्नेछ।<br>४) उपदफा (३) बमोजिमको छनौट समितिले उपदफा (२) बमोजिम योग्यता पुगेका उम्मेदवारमध्येबाट खुला प्रतिस्पर्धामार्फत कार्यकारी प्रमुखको नियुक्तिको लागि तीन जना उम्मेदवारको नाम कार्यकारी समितिसमक्ष सिफारिस गर्नेछ।<br>५) उपदफा (४) बमोजिमको सिफारिस भएका उम्मदेवारमध्येबाट कार्यकारी समितिले उपयुक्त ठानेको उम्मेदवारलाई कार्यकारी प्रमुख नियुक्ति गर्नेछ।<br>(६) कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ र निज पुनः बढीमा चार वर्षको लागि नियुक्त हुन सक्नेछ।<br>७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कार्यकारी समितिले तोकिए बमोजिमको प्रक्रिया अपनाई जुनसुकै बखत कार्यकारी प्रमुखलाई निजको पदबाट हटाउन सक्नेछः- | |

| | | | | |
|---|---|---|---|---|
| | | | (क) आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा,<br>(ख) बोर्डको हित विपरीत कुनै काम गरेमा वा बोर्डलाई कुनै हानि नोक्सानी पुऱ्याएमा,<br>(ग) खराब आचरणमा लागेमा, वा<br>(घ) निजमा कार्यक्षमताको अभाव भएमा।<br>८) उपदफा (७) बमोजिम कार्यकारी प्रमुखको पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।<br>९) देहायको अवस्थामा कार्यकारी प्रमुखको पद रिक्त हुनेछः-<br>क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,<br>ख) निजको पदावधि पूरा भएमा,<br>ग) निजमा उपदफा (२) बमोजिमको योग्यता नभएमा,<br>घ) निजलाई उपदफा (७) बमोजिम पदबाट हटाइएमा, वा<br>ङ) निजको मृत्यु भएमा।<br>१०) कार्यकारी प्रमुखको नियुक्तिको कार्यविधि, पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ।" | |
| ७. | मूल ऐनको दफा १६ को सट्टा दफा १६ राखिएको छः- | (क) कर्मचारी सम्बन्धी व्यवस्था | "१६. बोर्डको सङ्गठन संरचना र कर्मचारी सम्बन्धी व्यवस्था:<br>(१) समितिले बोर्डको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा मन्त्रालयले बोर्डको | कर्मचारी प्रशासनलाई अझ बढी व्यवस्थित र स्पष्ट बनाउन। |

| | | | | |
|---|---|---|---|---|
| | | | सङ्गठन संरचना तथा बोर्डमा रहने कर्मचारीको दरबन्दी स्वीकृत गर्नेछ।<br>(३) बोर्डमा नियुक्ति हुने कर्मचारीहरुले कार्यकारी प्रमुखप्रति उत्तरदायी भई काम गर्नु पर्नेछ।<br>(४) यस दफा बमोजिम कर्मचारी नियुक्ति गर्दा अधिकृतस्तरको पदमा सेवा करारमा कर्मचारी नियुक्ति गर्न सकिने छैन।<br>(५) बोर्डको स्वीकृत दरबन्दीमा नियुक्त हुने कर्मचारीको नियुक्ति प्रक्रिया, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।" | |
| ८. | मूल ऐनको दफा १७ को उपदफा (३) मा संशोधन। | (३) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा विदेशी संघ संस्था वा व्यक्तिबाट कुनै पनि किसिमको सहयोग, अनुदान, ऋण, दान, दातव्य वा उपहार लिनु अगावै बोर्डले नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ । | "(३) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा विदेशी संघ संस्था वा व्यक्तिबाट कुनै पनि किसिमको सहयोग, अनुदान, ऋण, दान, दातव्य वा उपहार लिनु अगावै बोर्डले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ ।" | आर्थिक विषय अर्थ मन्त्रालयको कार्यक्षेत्र भित्र रहेको र प्रकृयालाई छिटो-छरितो बनाउन। |
| ९. | मूल ऐनको दफा २१ को उपदफा (१) मा संशोधन। | (१) कार्यकारी प्रमुखले बोर्डको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र समिति समक्ष प्रस्तुत गर्नु पर्नेछ र यस्तो प्रतिवेदनको एक प्रति नेपाल सरकारलाई समेत उपलब्ध गराउनुपर्ने छ । | "(१) कार्यकारी प्रमुखले बोर्डको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र समिति समक्ष प्रस्तुत गर्नु पर्नेछ र यस्तो प्रतिवेदनको एक प्रति मन्त्रालयलाई समेत उपलब्ध गराउनुपर्ने छ ।" | प्रकृयालाई छिटो-छरितो बनाउन र तालुक मन्त्रालयमा पेश गर्न उपयुक्त देखिएकोले |
| १०. | मूल ऐनको दफा २४ मा संशोधन । | **नेपाल सरकारसँग सम्पर्क:** बोर्डले नेपाल सरकारसँग सम्पर्क राख्दा नेपाल सरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत राख्नुपर्नेछ । | "**नेपाल सरकारसँग सम्पर्क:** बोर्डले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नुपर्नेछ ।" | सम्पर्कको लागि तालुक निकाय मन्त्रालय भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| ११. | मूल ऐनको दफा १० र १९ खारेज गरिएको छ। | १०.मनोनयन सिफारिस समितिः (१) दफा ९. को उपदाफा (२) को खण्ड (छ) बमोजिमका सदस्यहरुको मनोनयन गर्नको निमित्त नेपाल सरकार समक्ष सिफारिस पेश गर्न देहायबमोजिमको एउटा मनोनयन सिफारिस समिति रहनेछः-<br>(क) नेपाल सरकारले तोकेको व्यक्ति -अध्यक्ष<br>(ख) पर्यटन व्यवसाय वा पर्यटन प्रवर्धन क्षेत्रसँग सम्बन्धित व्यक्तिहरुमध्यबाट नेपाल सरकारले मनोनित गरेको दुइजना - सदस्य<br>(२) उपदफा (१) बमोजिमको मनोनयन सिफारिस समितिले पर्यटन प्रवर्धन गर्ने कार्यमा संलग्न रहेका पर्यटन व्यवसायी वा पर्यटन प्रवर्धन विशेषज्ञहरु मध्यबाट दफा ९.को उपदाफा (२) को खण्ड (छ) बमोजिम सदस्य मनोनित गर्नको निमित्त मनोनित गर्नुपर्ने सदस्य संख्याको कम्तिमा डेढी संख्यामा मनोनित गर्नु पर्ने व्यक्तिहरुको नाम मनोनयन हुनको निमित्त सिफारिस गर्नुपर्नेछ । यसरी मनोनयनको निमित्त सिफारिस गरिएका व्यक्तिहरुमध्यबाट नेपाल सरकारले सदस्यहरु मनोनित गर्नेछ ।<br>(३) उपदफा (१) बमोजिमको मनोनयन सिफारिस समितिले उपदफा (२) बमोजिम सिफारिस गर्दा अपनाउनु पर्ने कार्यविधि आफैंले निर्धारण गर्न सक्नेछ।<br>१९.बोर्डको सिफारिस वा सल्लाह लिन सक्नेः (१) कसैले पर्यटन व्यवसायसँग सम्बन्धित कुनै व्यवसाय सञ्चालन गर्ने अनुमतिको निमित्त सम्बन्धित निकायमा निवेदन गरेमा त्यस्तो निकायले अनुमति प्रदान गर्नु अगावै बोर्डको सिफारिस वा सल्लाह लिन सक्नेछ। | १०. खारेज<br>१९. खारेज | मूल ऐनको दफा १० लाई दफा १४(३) ले समेट्ने त्यसैगरी दफा १९ को विषय पर्यटन विभागको कार्यक्षेत्रमा पर्ने भएकोले खारेज गर्न उपयुक्त भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | (२) कसैले होटल सञ्चालन गर्न अनुमतिको निमित्त सम्बन्धित निकायमा निवेदन गरेमा त्यस्तो निकायले होटल स्थापना तथा सञ्चालन गर्न अनुमति दिनु पूर्व बोर्डको सिफारिस वा सल्लाह लिन सक्नेछ। | | |